मिति २०८२/६/३१

सम्माननिय प्रधानमन्त्री ज्यु,

प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय

सिंहदरवार, काठमाण्डु ।

विषयः **ट्रंक र डेडिकेटेड लाईनको महसुल विवाद सम्बन्धमा**

सम्माननिय ज्यु,

सर्वप्रथम विकृति विसंगती, अनियमितता, विरुद्धमा Genz पुस्तावाट भएको ऐतिहासिक आन्दोलनमा शहादत प्राप्त गर्नु भएको सम्पुर्ण मृतकहरुप्रति हार्दिक संवेदना प्रकट गर्दै घाईतेहरुको शिघ्रातिशिघ्र स्वास्थ्य लाभ होसभनि कामना गर्दै यस चुनौतिपुर्ण अवस्थामा सम्माननिय ज्युको नेतृत्वमा गठित यो सरकारमा सफलताको शुभकामना व्यक्त गर्दछौ ।

सम्माननियज्युको न्यायिक पृष्ठभुमिको कारणGenz लगायत समग्र नेपालीको माग र अपेक्षाअनुरुपको सुशासनको अनुभुति प्राप्त गर्ने भनि हामी मात्र नभई समग्र नेपाली आश्वास्त मात्र नभइ विश्वस्त छौ भनि निवेदन गर्दै ट्रंक लाईन र डेडेकेटेड लाईनको महशुल विवादको यथार्थ तर्फ सम्माननिय ज्युको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छौ ।

१ मुलुकलाई औद्योगिक रुपमा आत्मनिर्भर बनाई रोजगारी र राजश्वमा समेत उल्लेख्य अवसर र योगदान पुर्याउने उद्देश्यले स्थापित हाम्रो उद्योगले हजारौं नेपाली नागरिकलाई रोजगारी प्रदान गरी अरवौं रकम राजश्व दाखिला गर्दै आईरहेको र ने.वि.प्रा.को विद्युत उपभोग गरे वापत मासिक सय भन्दा करोड वढि रकम विद्युत महसुल वापत नियमित तिर्दै बुझाउदै आईरहेको छौ । हाम्रो उध्योगमा खपत भएको विद्युत वापतको प्राधिकरणवाट जारी विजकको सम्पुर्ण रकम तिरिसकेका छौ । केहि कुनै वक्यौता राखेका छैनौ ।

२ चरम लोडसेडिङको अवधिमा आम नागरिक जतिनै लोडसेडिङ हाम्रो उद्योगमा पनि हुँदाको वखत पनि विद्युतको वैकल्पिक व्यवस्था गरी प्रतिष्ठानमा कार्यरत कामदार श्रमिकहरुको जागिर यथावत् राखी उद्योग सञ्चालन गरेका तथ्य अवगत गराउदै प्राधिकरणले २४ घण्टा निरन्तर उद्योग सञ्चालन गर्ने उद्योगलाई Dedicated Supply बाट दैनिक २४ घण्टा विद्युत उपलब्ध गराउने र सो को निम्ति तत्कालिन महशुल निर्धारण आयोगबाट स्वीकृत विशेष दरमा महशुल तिर्नुपर्ने निर्णय भएतापनि मिति २०७२/११/११ देखि लागु हुने गरी Dedicated Feeder बाट विद्युत आपुर्ति नदिने र Dedicated ग्राहकहरुलाई पनि नियमित लोडसेडिङमा राखिने प्राधिकरणको निर्णय एवम् सार्वजनिक सुचनाअनुसारDedicated र Trunk लाइनका हामि सवै उद्योगहरुलाई लोडसेडिङमा राखिएको हो ।

३ **<u>डेडिकेटेड तथा ट्रंकलाइनको सम्बन्धमा निम्न तथ्यहरु निवेदन गर्दछुः</u>**

क. प्रत्येक दिन २४ घण्टा विद्युत प्रयोग गर्नेलाइ डेडिकेटेडको श्रेणिमा राखि सो को लागि तोकिएको विशेष दर लोडसेडिङ ६ घण्टा कायम रहेको वखत २० घण्टा वा सो भन्दा वढि निरन्तर विद्युत प्राप्त गर्ने ट्रंकलाइनका ग्राहकले पनि डेडिकेटेड सरहकै विशेष दरमा महशुल तिर्नु पर्ने गरि तत्कालिन महशुल निर्धारण आयोगवाट निर्णय भएको हो ।

ख. प्राधिकरणले मिति २०७२/११/१० मा सूचना प्रकाशन गरी उक्त मितिबाट डेडिकेटेड फिडरबाट विद्युत आपूर्ती गर्ने कार्य स्थगित गरी मिति २०७२/११/११ गते देखि आम नागरिकलाई थप विद्युत दिने प्रयोजनकोलागि सम्पुर्ण औद्योगिक ग्राहकहरुलाइ नियमित लोडसेडिङमा राखेको अवस्था छ । सुचनाहरु संलग्न रहेको छ ।

ग. प्राधिकरणले मिति २०७३/०७/२५ मा लोडसेडिङ्ग ४ घण्टा मात्र कायम गर्दै तत्पश्चातको सूचनाहरुबाट लोडसेडिङ्ग क्रमश घट्दै गई २०७५/०१/३० मा औद्योगिक ग्राहकहरुको हकमा समेत लोडसेडिङ्ग पूर्ण रुपले अन्त्य गरिएको हो ।

घ. भैरहवा रुपन्देही तर्फ आन्तरिक लोड व्यालेन्स गर्नका निमित एक सव स्टेशनलाइ अर्को सव स्टेशनमा जोर्दा त्यो ट्रंकलाइनको संरचनामा जोडिन गएको हो । तर त्यसरी ट्रंकलाइनमा जोडिए पश्चात उक्त क्षेत्रका उद्योगहरुलाइ पत्र मार्फत अवधि

किटान गरेर सो अवधिमा उक्त "ट्रंक लाइन" वाट प्राप्त उद्योग चलाए कारवाही गरिने अवगत गराए पश्चात पत्रानिर्देशानुसार उद्योग नचलाइएको अवस्था छ भने कतिपय उद्योगलहरु २४ घण्टा संचालन नहुने भएकोले त्यसलाइ त्यसै पनि ट्रंक डेडिकेटेडको आवश्यकता नै थिएन र छैन । तर सवैसंग विशेष दरमा महशुल माग गरिएको छ ।कसरि के को आधारमा केहि खुलाइदैन, प्रमाण दिइदैन ।

ङ. नेपाल सरकारद्वारा गठन भएको लाल आयोगले पेश गरेको प्रतिवेदनले TOD मिटरको विवरणवाट २०७२/९/२९ देखि २०७२/११/१० सम्म डेडिकेटेडको हकमा र मिति २०७३/४/१ देखि मिति २०७३/७/२४ सम्मको हकमा ट्रंकलाइनवाट विद्युत लिने ग्राहकको वास्तविक खपत टिओडी मिटरको विवरणवाट प्रमाणित गरि मापदण्ड अनुरुप जे जति जुन दिन खपत भएको पुष्टि हुन्छ त्यतिमा मात्र विशेष दरमा महशुल लिन सिफारिश गरेको अवस्था छ ।

च. लाल आयोगको सिफरिस वमोजिम प्रमाणको आधारमा जे जति रकम वक्यौता कायम हुन आउछ सो रकम तिर्न वुझाउन हामि सवै सधै तयार रहेको भएतापनि प्राधिकरणले विद्युत नै नदिएको भएतापनि विना प्रमाण हामि संगै विशेष दरमा महशुल माग गरेको विरुद्ध रीत पुर्वक पुनरावलोकनको लागि निवेदन गरेको र उक्त निवेदन विचाराधिन रहेकै अवस्थामा पुनरावलोकनको सम्पुर्ण प्रक्रिया नै रद्द गर्ने निर्णय प्राधिकरणको संचालक समितिवाट गरेर यहि कातिक २ गते भित्र वक्यौता नतरेको खण्डमा विद्युत लाइन नै काटने पत्र सुचना पठाए पश्चात सम्मानानियज्यु समक्ष यो निवेदन गर्न वाध्य भएका छौ ।

**छ. रीत पुर्वकको निवेदन कानूनी रुपमा विचाराधिन रहदाको अवस्थामा प्रक्रिया नै रद्द गरेर यस किसिमको पत्राचार गर्ने अधिकार पनि कानूनले कुनै निकाय वा व्यक्तिलाई प्रदान गरेको छ र? के कानूनको शासन भनेको यहि नै हो? अरुको हकमा लागु हुने समानताको हक र सिद्धान्त उद्योगी र व्यवसायीको हकमा लागु नहुने संवैधानिक विविधता छ र? यदि छैन भने कुनै एक व्यक्तिले यसरी आफुखुशी राज्यशक्तिको दुरुपयोग गर्ने छुट पाउदैन ।यसको विशेष अनुसन्धान आवश्यक छ । लोडसेडिङमा पनि राखिने र विशेष दर तिर्ने भनि कुनै आम नागरिकलाइ पत्राचार गरिदा के त्यो नागरिकले उक्त रकम तिर्नु पर्ने हुन्छ र? वा**

Sanjay.

**उक्त रकम नतिर्दा त्यो व्यक्तिको दोष हुन्छ कि गलत पत्र काटने अधिकारी र निकाय दोषि हुन्छ?**

ज. राज्यले कुनै व्यक्तिसँग कुनै शुल्क महशुल असुल उपर गर्दा के कति सेवा लिए वापत उक्त शुल्क असुल उपर गर्न खोजिएको हो भनी स्पष्ट उल्लेख गर्नुपर्दछ । २०७२ देखी २०७५ सम्म प्राधिकरणबाट जारी विल बमोजिमको सम्पूर्ण रकम तिरिसकेको अवस्थामा डेडिकेटेड ट्रंक लाइनको छुट विल भनी पत्राचार गर्दैमा उक्त रकम उद्योगहरुले स्वतः भुक्तानी गर्नुपर्दछ भन्न मिल्दैन । डेडिकेटेड तथा ट्रंकलाइनको विशेष सुविधा प्रदान गरेको अवस्थामा मात्र उक्त प्रिमियम महशुल बुझाउनुपर्ने दायित्व उद्योगको रहन्छ । यद्यपी, उद्योगहरुले उक्त विशेष सुविधा प्राप्त नै नगरेको अवस्थामा समेत प्राधिकरणले जबरजस्ती उक्त रकम माग गरेको हुँदा विवादको सृजना भएको अवस्था छ ।प्राधिकरणले ट्रंक र डेडिकेटेडको शर्त र मापदण्डको आधारमा विद्युत प्रदान गरेको भए सो वापतको विशेष दरमा महशुल तिर्दिन भने कसैको दावी हुनै सक्दैन्थ्यो । लोडसेडिङ यथावत राखेर ट्रंक र डेडिकेटेड संरचनावाट विद्युत दिइएको भनि विशेष दरमा तिर्न दवाव दिने कार्य कानूनसम्मत हुन सक्दैन । लोडसेडिङ पनि यथावत तर विद्युत ट्रंक र डेडिकेटेड संरचनावाट दिइएको हो भनेर विशेष दर संसारमा कहि पनि लाग्दैन र नेपालमा पनि हाल लगाइएको अवस्था छैन ।

झ. सुशासनको निमित भएको GenZ आन्दोलनको जगमा वनेको यो सरकारले यस प्रकरणमा प्रारम्भबाट भएको अनियमितता र गैरकानूनी तथा अधिकार विहिन निर्णय र निर्णयकर्ताहरुको छानविन गरि संलग्न लाल आयोगको प्रतिवेदन लगायतका प्राधिकरणवाट प्रकाशित सुचनाहरु तथा विभिन्न पत्रचारहरुको अध्ययन गरि गराई लाल आयोगको प्रतिवेदन कार्यान्वयन गर्न सम्वन्धमा मन्त्रपरिषदवाट मिति २०८१/१/२७ मा भएको निर्णयानुसार च नं. ६३१६ को पत्र मार्फत उर्जा, जलश्रोत तथा सिचाइ मन्त्रालयमा लेखिएको पत्रानुसार कार्यान्वयन गर्न गराउन हुन सविनय निवेदन गर्दछौ । ऐ. पत्रको प्रतिलिपि संलग्न गरेका छौ ।

ञ. उद्योगीहरुले विगत देखी नै प्राधिकरण समक्ष उक्त समयको TOD डाटा माग गर्दा प्राधिकरणबाट उपलब्ध गराइएको अवस्था छैन । **TOD मिटरबाट माथी उल्लेख भए**

**बमोजिमको शर्त पुरा गरिएको अवस्थामा बक्यौता रकम तिर्ने भनी विभिन्न समयमा विभिन्न निकायहरुमा प्रतिबद्धता जनाइएको छ भने यसरी उद्योगले बक्यौता रकम तिर्नुपर्ने अवस्था प्रमाणित भएमा उक्त रकम तिर्ने प्रतिबद्धता सम्मानीयज्यू समक्ष जाहेर गर्दछौं । ट्रंक र डेडिकेटेड लाइ तथा फिडरवाट विद्युत प्रवाह गरे वापत विशेष शुल्क लगाउने निर्णय महशुल निर्धारण आयोगवाट नभएको महशुल निर्धारण आयोगवाट भएको निर्णय व्यहोरा परिवर्तन गरेर सो को आधारमा पत्राचार गरेर झुठो वक्यौता कायम गरेर त्यसलाइ ट्रंक डेडिकेटेडको वक्यौता भनि असुल उपर गर्ने दुष्प्रयासको शिकार यस उद्योगहरुले कानूनको संरक्षण खोजेको मात्र हो ।**

हाम्रो माग भनेको महशुलमा छुट दिलाइ पाउ भनि कदापि होइन । **हामिलाइ उद्योग संचालनको लागि विद्युत प्रदान गरिएको तथ्यको प्रमाण दिएर ४,६,८,१०,२०,४० अर्व जे जति रकमको दायित्व कायम हुन आउछ सो पुर्ण रकम हामि तिर्न तयार रहेका छौं ।** यसअवस्थामाउठाउनै परे पनि अन्य विकल्प छदाछदै नेपाल सरकारको शतप्रतिशत स्वामित्व भएको निकायवाट सधै विद्युत नै काट्ने धम्कि सहितको सुचना पत्र पठाएरहामि उद्योगिहरुको मान मर्दन हुने र गरिने कार्यलाइ तत्काल रोक लगाइ संविधान वमोजिम सम्मान पुर्वक वाच्न र उद्योग धन्दा व्यवसाय गर्ने वातावतरणको सुनिश्चितताको प्रत्याभूति सुशासनको सरकारको प्रधानमन्त्रिको रुपमा सम्माननियज्युवाट होस भनि यो सामुहिक निवेदन गरेका छौ ।यथास्थितमा राज्यकै निकायवाट अपमानितभइ उद्योग व्यवसाय संचालन गर्न नसकिने व्यहोरा निवेदन गर्दै प्रतिष्ठानमा कर्यरत हजारौ श्रमिक समेतको वर्तमान र भविष्य समेतलाइ दृष्टिगत गरि न्याय गरि पाउ । आम नागरिकको विद्युत काटेर उद्योगलाइ विद्युत दिइएको भनि गलत भाष्य निर्माण गरि नागरिकको भावनासंग खेलिएको र खेलिदैछ । यथार्थ र वास्विकता फरक छ । प्राधिकरणको विभिन्न मितिको सुचना र प्राधिकरणको वार्षिक प्रतिवेदनमा आम नागरिकलाइ विद्युत दिनको लागि उद्योगमा लोडसेडिङ गर्ने गरिएको भनि स्पष्ट उल्लेख छ । सुचनाहरु र प्रतिवेदनको प्रति पेश गरेका छौ अध्ययन होस, स्वदेशी, विदेशी जे जुन निकायसंग होस अध्ययन गराइयोस । **यदि यसमा लेखिएको व्यहोरा फरक परे वक्यौता भनिएको रकम दिने मात्र दिएर हामिलाइ उन्मुक्ति नदिइयोसप्रचलित कानून वमोजिमको कारवाही र सजाय पनि गरियोस।**

**भवदीय**

| सि.नं. | कम्पनिको नाम | हस्ताक्षर |
| --- | --- | --- |
| १. | त्रिवेणी सेन्थेटिक यार्न इन्डस्ट्रिज प्रा.ली. | [signature] TRIVENI SYNTHETIC YARN INDUSTRIES (P) LTD. Nepal |
| | ... लिमिटेड | |

३. जगदम्बा स्टिल लिमिटेड -

४. जगदम्बा सेन्थेटिक प्रा. लि. -

५. निगाले सिमेन्ट प्रा. लि.

६. सोनापुर मिनरल्स एण्ड आयल्स लिमिटेड

७. त्रिवेणी स्पाइनिङ मिल्स लिमिटेड

८. घोराही सिमेन्ट इण्डष्ट्रिज लिमिटेड

९. अशोक स्टिल इण्डष्ट्रिज प्रा. लि.

१०. मारुती सिमेन्ट्स लिमिटेड

११. अर्घाखाँची सिमेन्ट लिमिटेड

१२ सुवास अधिकारी (हुलास स्टील इं. लि)

१३. शिवम् सिमेन्ट्स लिमिटेड

१४. हामा आइरन एण्ड स्टिल इण्डष्ट्रिज प्रा. लि.

१५. कसमस सिमेन्ट इण्डष्ट्रिज प्रा. लि.

| क्र.सं. | ग्राहकको नाम | हस्ताक्षर | छाप |
|---|---|---|---|
| १७ | घराना फुड्स प्रा. ली | | GHARANA FOODS PVT. LTD. घराना MAYADEVI-1, RUPANDEHI, NEPAL |
| १८ | गोयनका फुड्स प्रा. ली | | Goenka Foods Pvt. Ltd. Anandvan-5 Manigram Rupandehi (Nepal) |
| १९ | एभरेष्ट रोलिङ इण्डस्ट्रिज प्रा लि | | EVEREST ROLLING IND. PVT. LTD. NEPAL |
| २० | S.R. Food Pvt. Ltd. | | S.R. Foods Pvt. Ltd. Padsari, Rupandehi |
| २१ | SR Steels Industries Pvt. Ltd. | | SR Steel Industries Pvt. Ltd. |
| २२ | भलवारी सम्मलित चामल कारखाना | | सम्मलित चामल कारखाना भलवारी |
| २३ | सिद्धार्थ पेट प्लास्ट इ. प्रा. ली | | Siddhartha Pet Plast Industries Pvt. Ltd. |
| २४ | श्याम प्लास्टिक उद्योग | | उद्योग |

२५. पञ्चकन्या स्टिल प्रा. लि.

२६. पञ्चकन्या प्लास्टिक इन्डस्ट्रिज प्रा. लि.

## बोधार्थ तथा कार्यार्थ

श्री अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

श्री उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

श्री कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

श्री श्रम रोजगार तथा सामाजिक ~~विकास~~ सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
बालुवाटार, काठमाडौं ।

श्री नेपाल बैंकर्स एसोसिएसन
काठमाडौं ।

श्री नेपाल उद्योग वाणिज्य महासंघ
टेकु, काठमाडौं ।

श्री नेपाल उद्योग परिसंघ
थापाथली, काठमाडौं ।